म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५० शुक्रबार, २६ पुस २०८१ ने. सं. ११४५ पोहेलाथ्व 10 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पालुङ जेसीज अध्यक्षमा कार्की

हेटौंडा, २५ पुस/पालुङ जेसीज वर्ष २०२५ को अध्यक्षमा माधव कार्की निर्वाचित भएका छन् । २४ पुसमा भएको साधारणसभा तथा निर्वाचनबाट निकटतम प्रतिस्पर्धी संजय गोपालीलाई १४ मतले पराजित गर्दै कार्की अध्यक्षमा निर्वाचित भएका हुन् ।

अध्यक्षका लागि भएको निर्वाचनमा कार्कीले ५९ मत प्राप्त गर्दा गोपालीले ४५ मत प्राप्त गरे । निर्वाचित कार्की सन् २०१५ बाट पालुङ जेसीजमा आवद्ध छन् । उनी जेसीजमा आवद्ध भएसँगै २०२० मा भरतरत्न छात्रवृत्ति कार्यक्रम संयोजक, २०२१ मा उपाध्यक्ष, २०२२ मा शाखासम्पादक, २०२३ मा कोषाध्यक्ष भइसकेका छन् । कार्कीले यसअघि २०२४ को अध्यक्षका लागि निर्वाचनमा भाग लिएका थिए । उनी निरज रायमाझीसँग ४२ मतले पराजित भएका थिए ।

यो वर्ष भने उनले मतदाता आफ्नो पक्षमा पार्न सफल भए । यो वर्ष कुल १ सय १२ जना मतदाता रहेको पालुङ जेसीजको वर्ष २०२५ को अध्यक्षका लागि भएको निर्वाचनमा १ सय ४ मत खसेको निर्वाचनआयुक्त कार्कीले बताए ।

### मउवा संघ निर्वाचन

# २१ पदमा ४२ जनाको उम्मेदवारी, दुई सचिवसहित ७ जना निर्विरोध

### दुई जनाको उम्मेदवारी रद्ध

प्रतिक्षा न्यौपाने

हेटौंडा, २५ पुस/उद्योगी, व्यवसायीको छाता संगठन मकवानपुर उद्योग वाणिज्य (मउवा) संघको निर्वाचनका लागि उम्मेदवारी दर्ताकार्य सकिएको छ ।

संघको कुल २८ पदका लागि बिहीवार साढे १० बजेदेखि १२ बजेभित्रमा ४९ जनाले उम्मेदवारी दर्ता गराएका थिए । ७ जना निर्विरोध निर्वाचित भएपछि बाँकी २१ पदमा ४२ जना उम्मेदवारबीच अब निर्वाचन हुने भएको छ । २७ पुस बिहान ९ बजेदेखि ४ बजेसम्म मतदात कार्यक्रम तय भएको र तयारी अन्तिम चरणमा रहेको संघका कार्यकारी सचिव पवन कार्कीले जानकारी दिए ।

मतदानकार्य पल्पसा हलभित्र हुने र मतदात सकिएलगत्तै पल्पसामा नै मतगणना सुरु हुने कार्कीले बताए ।

संघमा अध्यक्ष, ४ उपाध्यक्ष (एसोसिएसट, वाणिज्य, उद्योग र वस्तुगततर्फ), १ महासचिव, १ कोषाध्यक्ष, ४ सचिव र १ सह-कोषाध्यक्ष, एसोसिएटतर्फ ४ सदस्य, वाणिज्यतर्फ ७ सदस्य, उद्योगतर्फ ४ सदस्य र वस्तुगततर्फ १ सदस्य पद रहेको छ । संघको यसपालीको निर्वाचनका लागि ५७ औं साधारण सभाबाट विधान संशोधन गरेर प्रत्येक पदमा प्रत्यक्ष निर्वाचन हुने व्यवस्था कायम गरिएको छ । विगतमा अध्यक्षले निर्वाचित सदस्यमध्येबाट महासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष मनोनित गर्ने व्यवस्था थियो । प्रत्येक पदमा प्रत्यक्ष निर्वाचनको व्यवस्थाले निर्वाचनलाई थप रोचक र गर्विलो बनाएको छ ।

#### ४२ जना क-कसले दिए उम्मेदवारी ?

संघको ३ वर्षे कार्यकालको नेतृत्वका लागि वर्तमान वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल र वर्तमान उपाध्यक्ष प्रमोदसिंह रानाभाट प्यानल बनाएर चुनावी मैदानमा उत्रिएका छन् ।

महासचिवमा प्रतिमा श्रेष्ठ र विकेशलाल श्रेष्ठ, कोषाध्यक्षमा तेजराज अधिकारी र कृष्ण कर्माचार्य तथा सहकोषाध्यक्षमा निलम वैद्य र राधिका सामरीपाण्डेले उम्मेदवारी दिएको प्रमुख निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता इश्वरराज ढकालले जानकारी दिए । उद्योगतर्फ उपाध्यक्षमा दीपक उप्रेती र रविन्द्र घिमिरे, सदस्यमा कृष्णगोपाल महर्जन, कृष्णराज कोइराला (कृष), जगदीश दाहाल, दीपक शिवाकोटी र भुपेन्द्रप्रसाद अधिकारी र उद्योगतर्फकै महिलाआरक्षण सदस्यमा मेनका श्रेष्ठ र सीतादेवी भेटवालले मनोनयन दर्ता गराएका छन् ।

एसोसिएसटतर्फ उपाध्यक्षमा उज्ज्वल चौलागाईं र विष्णु खनाल,





एसोसिएट सदस्यमा अंकिता सुमार्गी, नवराज खतिवडा र पुजन विडारीको उम्मेदवारी दर्ता भएको छ । वाणिज्यतर्फ उपाध्यक्षमा राजु अधिकारी र रामप्रसाद न्यौपाने, वाणिज्यको सचिवमा दिवस पराजुली र कुलप्रसाद चौलागाईं, सदस्यमा बालकृष्ण बजगाईं, विष्णुप्रसाद दाहाल, यज्ञबहादुर राय (विनोद), राजेन्द्र लामिछाने, राजदेव बनियाँ, रविन ढकाल, सन्तोष घिमिरे, होमनाथ खनालको उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृत ढकालले जनाए ।

वस्तुगतर्फ उपाध्यक्षमा खाद्यान्न व्यवसायी संघका काव्यमणि अधिकारी र ढुवानी एसोसिएसनका प्रदीप अर्याल चुनावी प्रतिस्पर्धामा छन् । वस्तुगतकै सचिवमा कपडा तथा तयारी पोशाक संघका नेत्रप्रसाद खतिवडा र क्रसर उद्योग व्यवसायी संघका राजाराम कार्की, सदस्यमा फर्निचर व्यवसायी संघका कृष्णप्रसाद अर्याल, क्यान महासंघका गोविन्द चौलागाईं, मुद्रण उद्योग संघका राजु नेपाल र घरजग्गा व्यवसायी संघका शम्भु पुडासैनीको उम्मेदवारी रहेको छ । वस्तुगतमा व्यवसायीको पेशागत संस्थाको आबद्धता रहेको हुन्छ ।

#### दुई सचिवसहित ७ जना निर्विरोध

संघको दुई सचिवसहित ७ जना निर्विरोध भएको निर्वाचन अधिकृत ढकालले जानकारी दिए । उद्योगतर्फको सचिवमा रुपकराज दाहाल र एसोसिएट सचिवमा माधव ज्ञवाली निर्विरोध भएका हुन् । दुवै सचिवमा अन्य उम्मेदवारी नपरेपछि उनीहरु निर्विरोध भए ।

एसोसिएसट सदस्यमा सुकृतराज पराजुली, एसोसिएट बहुराष्ट्रिय) सदस्यमा बिक्रमकुमार सञ्जेल, मनहरी आरक्षण कोटाको वाणिज्य सदस्यमा शंकरप्रसाद कालाखेती, वाणिज्यतर्फकै महिला आरक्षण सदस्यमा निलमकुमारी पाण्डे र निलम बजगाईं निर्विरोध भएका छन् । निर्विरोध भएकामध्ये दुवै सचिव, महिला आरक्षणमा बजगाई र एसोसिएट सदस्य पराजुली अध्यक्षका उम्मेदवार रानाभाट प्यानलका हुन् । अग्रवाल प्यानलकी महिला आरक्षणकी पाण्डे मात्रै हुन भने अर्का एसोसिएट सदस्य सञ्जेल र मनहरी आरक्षणका कालाखेती प्यानल बाहिरका हुन् ।

यस्तै, दुईजनाको उम्मेदवारी रद्ध भएको संघका कार्यकारी सचिव कार्कीले जानकारी दिए । मनहरी आरक्षण सदस्यमा नारायण सुवेदी र उद्योगतर्फ गंगाकुमारी श्रेष्ठको उम्मेदवारी रद्ध भएको हो । मनहरी आरक्षणमा वाणिज्यतर्फको सदस्य कोटा रहेकोमा सुवेदीको फर्म उद्योगमा दर्ता रहेको पाइएपछि रद्ध गरिएको कार्कीले बताए । सदस्यता लिएको २ वर्षपछि मात्रै निर्वाचनमा सहभागी हुन पाउने विधानत: व्यवस्थाका कारण श्रेष्ठको उम्मेदवारी रद्ध भएको उनले जनाए ।

यसवर्षको निर्वाचनमा २ हजार ४६ जना सदस्यले मतदान गर्न पाउनेछन् । अघिल्लो अधिवेशनमा २ हजार ९ सय ७ जना सदस्य थिए । ३ वर्षमा ८ सय ६१ जना सदस्य घटेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

# महिला आरक्षण सदस्यमा मेनकाको उम्मेदवारी

साझाकुरा संवाददाता



हेटौंडा, २५ पुस/बिगत १२ बर्षदेखि मकवानपुरमा रहेर टेलरिङ व्यवसाय गर्दै आएकी युवा व्यावसायी मेनका श्रेष्ठले मकवानपुर उद्योग वाणिज्य संघको उद्योगतर्फ महिला आरक्षण सदस्यमा उम्मेदवारी दर्ता गरेकी छन् ।

घरबाटै टेलरिङ व्यावसाय सुरुवात गरेकी श्रेष्ठले २०६३ देखि विभिन्न संघसस्थाको सहकार्यमा टेलरिङ तालिम सञ्चालन गर्दै आएकी हुन् । उनले २०६९ सालदेखि जयप्रकृति सिलाई प्रशिक्षण केन्द्र सञ्चालन गर्दै आएकी छन् । श्रेष्ठले महिला समूहसँग मिलेर खोलिएको हेटौंडा गार्मेण्ट उद्योगको अध्यक्ष भएर गार्मेण्ट उद्योग सञ्चालन गर्दै २५ जनालाई प्रत्यक्ष र थप ७ जनालाई अप्रत्यक्ष रोजगार सृजना गरी आर्थिक विकासमा टेवा पुऱ्याउदै आएकी छन् ।

२०७२ देखि उद्योग वाणिज्य संघ मकवानपुरको सदस्याता लिँदै संघको महिला उद्यमी समितिमा रहेर काम गरेकी श्रेष्ठ विशेष गरी सिटिइभिटीको प्रशिक्षक एवम् परीक्षानिरीक्षक भएर काम गर्दै आएकी छन् ।

स्काउटलगायत सामाजिक संघ-सस्थाको नेतृत्व लिएर काम गरेकी श्रेष्ठ नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश महिला समितिको सहसंयोजक रहँदा विभिन्न कार्य गरेकी थिइन् ।

संघको अघिल्लो कार्यकालमा थोरै मतले उद्योगतर्फको महिला आरक्षण सदस्यमा उपविजेता बनेकी श्रेष्ठले उद्योगी ब्यवसायीको हकहितमा काम गर्न पुन: सोही पदमा उम्मेदवारी दिएको बताइन् । 'यसपटक मलाई सबै व्यवसायीको माया र साथ रहने अपेक्षा गरेको छु,' उनले भनिन् । अनिल अग्रवालको प्यानलबाट उम्मेदवारी दिएकी श्रेष्ठले अग्रवालको टिमको पक्षमा मतदान गर्न आग्रह गरिन् ।






साझाकुरा

## हाम्रो कुरा

# प्रविधिमैत्री सार्वजनिक यातायात

नेपालको सार्वजनिक यातायातको अवस्था बेहालको छ । सार्वजनिक यातायात यात्रुमैत्री बन्न सकेका छैनन् । सार्वजनिक यातायातमा लगानी गर्ने लगानीकर्ताले पनि लगानी उठाउने अवस्थामा छैनन् । बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले सार्वजनिक यातायातलाई प्रविधिमैत्री बनाइने बताएका छन् । बुधबार नवलपुरको गैंडाकोटमा एमालेनिकट यातायात व्यवसयीको संगठन नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संगठनको तेस्रो राष्ट्रिय महाधिवेशन उद्घाटन गर्दै मन्त्री महर्जनले डिजिटल प्रविधिमार्फत सार्वजनिक यातायातलाई व्यवस्थित गर्न प्रदेश सरकारको तर्फबाट काम प्रारम्भ गरिएको बताए । कार्यक्रमका प्रमुखअतिथि मन्त्री महर्जनले नेपालको सार्वजनिक यातायातमा भएको निजीक्षेत्रको लगानी डुब्दै गइरहेको, यातायात मजदुर असुरक्षित महसुश गरी विदेशिनु परेको र जनताको सुरक्षितयात्राको अधिकार कुण्ठित हुँदै गइरहेको बताउँदै यसलाई सुधार गर्न कानुन निर्माण र नियमावली निर्माणको काममा प्रदेश सरकारले द्रुतताकासाथ काम गरिरहेको दाबी गरे ।

यो दाबीमा कति सत्यता होला त ? सरकारले चाहेर पनि व्यवस्थित हुन नसक्ने क्षेत्र नै सार्वजनिक यातायात क्षेत्र हो । लगानीकर्ताले घरखेत बन्दकी राखेर ऋण काढेर करोड हालेको सवारी साधन जिम्मा दिनेबेलादेखि अस्तब्यस्त देखिन्छ । चालक सहचालक्लाई मौखिक आदेशको भरमा सवारीसाधन दिइएको हुन्छ । न नियुक्तिपत्र, न सम्झौता, न कुनै करार लिखतबिना नै मौखिक आदेशमा सवारीसाधन दिइएको हुन्छ । देशभरका प्रतिनिधिलाई सम्बोधन गर्दै मन्त्री महर्जनले सिण्डिकेट खारेजीका नाममा सरकारले गलत गरेको थियो । यातायात व्यवसायीका संघ, समितिलाई सिण्डिकेटका नाममा खारेज गर्ने भनेर गलत काम गरेकै हो । यातायात ब्यवसायीले मुद्दा हालेपछि नवीकरण गर्न सर्वोच्च अदालतले खुल्ला गरिदिएको थियो । अहिलेसम्म कतिपय व्यवसायीको सम्पति फुकुवा गरेको छैन । त्यसको फुकुवाका लागि संघसंस्थाले सरकारसँग समन्वय गर्ने बताइएको छ । आफूले यातायात व्यवसायीको समस्यालाई नजिकबाट हेरिरहेको बताउँदै बागमती प्रदेशमा सार्वजनिक यातायातको भाडा छिट्टै समायोजन गरिने धारण राखे । ढुवानीक्षेत्रमा भारतीय सवारीसाधनको हस्तक्षेपका कारण नेपालीको लगानी संकटमा परेको छ । सरकारले त्यसलाई कुटनीतिकरुपमै समस्या समाधानका लागि पहल गर्नु पर्ने थियो । राइड शेयरिङको बढ्दो प्रभावले सार्वजनिक यातायात क्षेत्रलाई असर पारिरहेका भन्दै यसको पनि तीब्र बिरोध भएको छ ।

सर्वोच्च अदालतको फैसलालाई ध्यानमा राख्दै तत्काल कानुनी दायरामा ल्याइने बताइएको छ । नेपाल यातायात स्वतन्त्र मजदुर संगठनले नेपालमा सार्वजनिक यातायातको इतिहास उल्लेख गर्दै १०८ वर्षको इतिहासमा सार्वजनिक यातायातक्षेत्र अझैपनि उद्योगको रुपमा विकास हुन नसकेको बताएको छ । सार्वजनिक यातायात क्षेत्र दिनानुदिन विग्रँदै गइरहेको छ । नेपाल यातायात मजदुर संघले यातायात श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्ने बताएको छ । अखिल नेपाल यातायात मजदुर संघले यातायात मजदुर तथा व्यवसायीको योगदानलाई राज्यले सम्मान गर्नुपर्ने बताएको छ । नेपालमा हालसम्म निजीक्षेत्रको लगानीमै सार्वजनिक यातायातसेवा सञ्चालन हुँदै आएको छ । सरकारी स्वामित्वमा सार्वजनिक यातायात सेवा सञ्चालन हुनुपर्ने बहस उठ्ने गरेको छ तर, नेपालमा निजीक्षेत्र यो स्तरसम्म आकर्षित भइरहेको अवस्थामा सरकार आफैंले सार्वजनिक यातायात सञ्चालन गर्नेवाला छैन । सूचनाप्रविधिको उपयोग गरेर सार्वजनिक यातायातलाई छरितोरुपमा सञ्चालन गर्न सकिन्छ । हरेक सवारीमा जीपीएस प्रविधि जडान गरेर त्यसको स्थान र गति पहिचान र नियन्त्रण गर्न सकिन्छ । यसलाई यात्रु सूचनाप्रणालीको माध्यमबाट बसस्टपमा सवारी कति समयमा आइपुग्छ ? भन्ने जानकारी दिन सकिन्छ । मोवाइल एपमार्फत् यात्रुले घरबाटै सबै थाहा पाउने बनाउन सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस २७ गते शनिबार ११ जनवरी २०२५ । द्वादशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२६ । पृथ्वी जयन्ती । राष्ट्रिय एकता दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रु वृद्धि | तुला | : साझेदारीकार्यमा सफलता |
| वृष | : भाग्यबाट सन्तोष | वृश्चिक | : वैदेशिक कार्यमा अवरोध |
| मिथुन | : ऋणभार बढनाले खिन्नता | धनु | : सम्पत्तिबाट लाभ |
| कर्कट | : अनावश्यक झंझट | मकर | : मांगलिक कार्यमा मन |
| सिंह | : गृहकलहमा वृद्धि | कुम्भ | : मानसम्मानमा वृद्धि |
| कन्या | : आफन्तमा मनोमालिन्य | मीन | : आर्थिक हानि |

# न्यायिक विकृतिविरुद्ध जुर्मुराउला त सर्वोच्च बार ?



✍ बालकृष्ण मैनाली

निश्चित अवधिपछि भइरहने विभिन्न संघ-संगठनहरुको निर्वाचनहरुमध्ये कानुनी र सामाजिक अभियन्तामा दरिएका विशेष गरी रिस उठेको बेलामा पोखिने उद्गार 'कालोकोटेहरु'को जमघट हुने ठाउँ सर्वोच्च बारको निर्वाचन गएको शनिबार सम्पन्न भएको छ । हुन त प्रत्येक दुई-दुई वर्षमा भइरहने यो निर्वाचनले न्यायिक विचलन हटाउन भूमिका खेल्नेछ भन्ने आशा गरेर बसेकाहरु सदैव निराश नै हुन पुगेका छन् ।

प्राय: विकृतिलाई नै मलजल गरी आफ्नो स्वार्थ पूरा गरिरहने कुनै-कुनै कालोकोटेहरुले यो शीर्षक र आलेख पढ्न भ्याए भने बारमा के विकृति छ ? भनेर प्रश्न पनि उठाउन सक्लान् । तर यो कुरा जसले उठाउँछ उसका लागि ठीक नै होला, किनभने न्यायिक विचलन गराउन सकिएन भने उनीहरुको स्वार्थमा धक्का लाग्ने पक्का छ । त्यसैले न्यायिक विचलनकर्ताहरु यी र यस्ता कुराबाट तर्सिनु स्वाभाविकै हो ।

थुप्रै न्यायिक मन भएका कालाकोटेहरुको बार स्थापनादेखि लिएर अहिलेसम्मको अवस्थालाई गहन अध्ययन गर्ने हो भने वर्तमानको जस्तो न्यायिक विचलनहरु २०४६ सालअघि खासै देखा परेका थिएनन् भन्ने बुझाइ रहेको छ । वास्तवमा हुनुपर्नेचाहिँ २०४६ पछि अग्रज र अनुभवी कालाकोटेहरुले यस विषयमा ध्यान पुऱ्याई भर्खर उदयीमान हुन लागेका कालाकोटेहरुप्रति कुनै पनि बेला हाबी हुन सक्ने दलीय प्रवृत्तिलाई बेलैमा खबरदारी गराउँदै मात्र कानुनी शासनको निरन्तरता, न्यायपालिकाको सुदृढीकरण र कालाकोटेहरुको विभिन्न क्षमता अभिवृद्धि अनि अन्य पीडितहरुको हितसम्बन्धी मुद्दाहरुलाई मात्र प्राथमिकता दिएर सबल संगठन बनाई आउने युवा पुस्ताका कालाकोटेहरुलाई नेतृत्व हस्तान्तरण होला कि भन्ने आशामा बसेका प्राय: कालाकोटेहरु आजको मितिसम्म आइपुग्दा जिल्लिएको जिल्लिएकै छन् ।

विडम्बना, बार बारको रुपमा रहन नसकेर अवस्थाअनुसार दलीय पक्ष-विपक्षमा रुपान्तरण हुन गई दलीय नेतृत्व अथवा खुङ्खांर राजनीतिक व्यवसायीहरुले जुन भाषा बोल्छन् त्यही भाषालाई समर्थन गर्ने र वकालत गर्ने संस्थाको रुपमा कालाकोटेहरुको संस्था चित्रित हुन पुग्यो । सरसर्ती कालाकोटेहरुलाई प्राय: तीन वर्गमा राखेर मूल्यांकन गर्ने गरिन्छ । पहिलो कानुनी र सामाजिक अभियन्ता, दोस्रो कानुनी अभियन्ता मात्र र तेस्रो सामाजिक अभियन्ता मात्र । पहिलो अभियन्ता कानुनी र सामाजिक अभियन्तामा पर्न जाने कालाकोटे साथीहरुले चाहिँ देशमा भएको कानुनको माध्यमबाट समाजमा भैरहेको र देखिइरहेको सामाजिक विचलनलाई यथास्थानमा ल्याउन सहयोग पुऱ्याई समाजमा सुशान्ति कायम राख्ने सवालमा पनि योगदान पुऱ्याएका हुन्छन् ।

दोस्रो वर्ग अर्थात् कानुनी अभियन्तामा मात्र रुचि राख्ने कालाकोटेहरु जसले प्रचलित कानुनको सेरोफेरोमा मात्र रही सेवा प्रदान गर्ने गर्दछन् । धेरै संख्यामा कालाकोटेहरु यसै वर्गभित्र पर्दछन् । यस वर्गमा पर्न जाने कालाकोटेहरुले कानुनमा भएका छिद्रहरु केलाएर सेवाग्राहीहरुले चाहेअनुसारको सेवा प्रदान गर्ने जमर्को गर्दछन् । व्यावसायिक किसिमले यस खालका कालाकोटेहरु संख्यात्मकरुपमा बढी नै हुन्छन् । यही वर्गलाई राजनीतिक व्यवसायीहरुले मिल्ने, नमिल्ने गरी खेलाउने कार्य गर्दै आइरहेका छन् । आजको दिनसम्म आइपुग्दा यस वर्गमा पर्ने कालाकोटेहरु दलीय दासताबाट मुक्त हुन सकिरहेका छैनन् ।

यदाकदा प्रयास गरे पनि कुनै पनि बेला गरिएको सानो वा ठूलो गलत कार्यको फेद समाएर तर्साउने कार्य राजनीतिक व्यवसायीहरुले गर्दै आएका छन् । त्यस्तै तेस्रो वर्गमा पर्ने केही कालाकोटेहरु सामाजिक अभियन्ताको रुपमा मात्र आफूलाई राख्ने प्रयास गरिरहेका छन् । यस वर्गका कालाकोटेहरुले कानुनको ज्ञान हासिल गरेको भए तापनि कानुनको छिद्र मात्र नखोजी पीडितरुको हकको बारेमा कुरा उठाइरहेको देखिन्छ । सँगसँगै यस वर्गका कालाकोटेहरु प्राय: गरी सामाजिक मूल्य-मान्यतालाई स्थापित गर्ने सवालमा लागिपरेका हुन्छन् ।

जघन्य अपराधमा संलग्न कुनै पक्षले आफ्नो पक्षमा पूरा सफाइ पाउने वकालतको लागि अनुरोध गर्न आएमा पनि जतिसुकै रकम खर्च गर्छु भने तापनि त्यो कुरालाई ठाडै इन्कार गर्दै पूरा सजायमा सफाइ पाउन सकिँदैन, सजायमा केही कमी ल्याउने सवालमा वकालत गर्न सकिन्छ भन्ने अडानमा रहन्छन् यस खालका कालाकोटेहरु । यस्ता खालका कालाकोटेहरुसँग व्यावसायिक मुद्दामामिला हुँदै हुँदैन भने पनि हुन्छ । फौजदारी प्रकृतिको मुद्दादेखि बाहेक अन्य जुनसुकै मुद्दाहरुमा पनि पक्षहरुलाई मिल्ने कुरामा नै जोड दिन्छन् यिनीहरु ।

यी विभिन्न वर्गमा रहेका कालाकोटेहरुको छाता संगठन जिल्ला, उच्च, सर्वोच्च हुँदै नेपाल बारसम्मको निर्वाचन प्रत्येक दुई-दुई वर्षमा हुने गर्दछ । त्यसै अनुरुप गएको शनिबार अर्थात् पुस २० गतेका दिन सर्वोच्च बारको निर्वाचन सम्पन्न भयो । यसपालिको निर्वाचनमा दलीय ुवीकरणमार्फत उम्मेदवारी दर्ता भएको भए तापनि एउटा राम्रो पक्ष के देखिन पुग्यो भने, मौखिक प्रचाप्रसार मात्र हुन पुग्यो, कागजी प्रचारप्रसार पूरै बन्द भयो, जुन खुशीको कुरा हो । तथापि थुप्रै कालाकोटेहरुको आत्माको आवाजचाहिँ जुनसुकै बारको निर्वाचन भए पनि नेतृत्व चयनका सवालमा राजनीतिक गन्धबाट अलि टाढै रहेर नेतृत्व चयन भए हुन्थ्यो भन्ने नै हो । जुनसुकै तहका बारमा नेतृत्व लिनेहरु जुनसुकै दलसँग आबद्ध भएको भए तापनि कम्तीमा पनि बारलाई स्वतन्त्र राख्न नै योगदान दिनुपर्दछ भन्ने मान्यतालाई स्थापित गराउन असफल नै हुन पुगेका छन् ।

कालाकोटेहरु जुन-जुन दलीय आस्थामा विभक्त भए पनि कम्तीमा निर्वाचनको बेला कालाकोटेहरुले दलीय भक्तिबाट उन्मुक्ति प्राप्त भएको सन्देश प्रवाह गरी विशुद्ध निर्वाचनमार्फत अझ साँच्चै भन्ने हो भने निर्विरोधरुपमा नेतृत्व चयन भएर, दलीय आशक्तिमा भिजेर जस-जसले दुर्नियत राखी बार र न्यायालयलाई यो अवस्थामा ल्याइपुऱ्याएका छन्, तिनीहरुलाई कानुनी कठघरामा उभ्याउन सघाउ पुऱ्याएको दिनपछि मात्र कुनै पनि बारको निर्वाचन सार्थक भएको मानिन्छ । अस्ति भर्खरै भएको सर्वोच्च बारको निर्वाचनमा पनि दलीय विभक्त भइछाडयो । होइन त्यसो नहुँदो हो त कालाकोटेहरु जुन-जुन दलीय आस्थामा विभक्त भए पनि एउटै स्व-घोषणामार्फत आफ्नो कार्यकालमा गरिने कार्यहरुको फेहरिस्तसहित सार्वजनिक गर्दै निर्विरोध निर्वाचित भएको सन्देश प्रवाह हुनुपर्थ्यो ।

दलीयकरणले गर्दा यसको असर अर्को विषयमा पनि पर्न गएको छ भन्छन् केही कालाकोटेहरु । प्राय: प्रत्येक बारको निर्वाचन महँगो पर्दै गएको छ । एउटा छाता संगठनको निर्वाचनमा थुप्रै खर्च गर्नुपर्ने अवस्थाको सिर्जना गराइएको छ । निर्वाचनमा नाम मनोनयन गर्ने शुल्कदेखि लिएर सबै प्रदेशमा रहेका सम्बन्धित मतदाताहरुलाई आफूप्रति आकर्षित गराउन गरिने तामझाम, गोप्य छलफल, विविध अश्वासन र सार्वजनिक हुन जाने प्रचारप्रसारका तडकभडकले विशेष गरेर नेपाल बारको निर्वाचनमा स्थान पाउने गरेको छ ।

भर्खरै सम्पन्न भएको सर्वोच्च बारको निर्वाचनबाट जो-जोले विजय हासिल गरे पनि न्यायिक विकृतिको अन्त्यमा एकजुट भएर लाग्नेछन् भन्ने कुरामा सरोकारवालाहरु अझै विश्वस्त हुन सकिरहेका छैनन् । त्यसको एउटै कारण हो विजयी हुन नसकेका उम्मेदवारहरुले विजय भएकाहरुलाई आवश्यक कार्यमा सहयोग नपुऱ्याउनु । यस अर्थमा सबै मिलेर संयुक्तरुपमा उम्मेदवारी दिएर विभिन्न बारहरुमा मौलाइरहेको दलीय विकृतिविरुद्ध आवाज उठाउलान् भनेर आशामा रहेका केही कालाकोटेहरुको सपना यसपालि पनि पूरा होलाजस्तो संकेतचाहिँ देखिएको छैन, तथापि यो अनुमान झुट्टा हुन पुगोस् ।

कुनै पनि बारमा दलीय विकृति अन्त्य गर्न चाहेको भए कालाकोटे साथीहरुले र अग्रजहरुले हस्तक्षेप गरेर भए पनि दलीय हस्तक्षेप बन्द गर्न सक्थे । सो कार्य गर्न धेरै समय लाग्दैनथ्यो । दलीय आस्था जे भए पनि र मनमा जे कुरा राखे पनि हामी कालाकोटधारीहरुले चाहे उम्मेदवारको रुपमा होस्, चाहे सामान्यरुपमा होस्, 'हामी वकिलहरु आफ्नो व्यावसायिक हितका लागि अनि राजनीतिक हस्तक्षेपका विरुद्ध, सुशासन, कानुनको शासन अनि न्यायपालिकाको सुदृढीकरणमा हाम्रो प्रतिबद्धता रहनेछ' भनेर नै बोल्दै हिँड्ने हो । त्यस कार्यको लागि प्रतिबद्ध भएर लाग्नेछौँ भनेर हल्ला गर्ने नै हो । यदि बारम्बार फलाकिरहने यो कुरालाई सत्यमा परिणत गराउने प्रयास हुन्थ्यो भने सबै इच्छुक उम्मेदवारहरुलाई एकै स्थानमा भेला गराई प्रत्येक इच्छुक उम्मेदवारको बारलाई बारकै रुपमा कायम राख्ने रणनीतिबारे चर्चा-परिचर्चा गराइन्थ्यो । र, सकेसम्म निर्विरोध उम्मेदवारीको चयन हुने वातावरणको सिर्जना हुनुपर्थ्यो भन्ने धारणा विगतदेखि नै रहिआएको थियो ।

सर्वोच्च बारको भर्खरै भएको निर्वाचनमा यो कुराले मूर्तरुप लिन सकेन । प्रजातान्त्रिक अभ्यास हो, निर्वाचन हुनु र त्यसमा हार-जित हुनु कुनै नौलो कुरा होइन भन्ने भनाइ पनि सार्वजनिक हुन्छन् । प्राय: निर्वाचनको माध्यमबाट जोसुकै छानिए तापनि त्यसलाई तत्काल आत्मसात् गरी हातमा हात मिलाएर अथवा हातेमालो गरी हिँड्ने संस्कृतिको आजसम्म शुरुवात नै हुन सकेको छैन । विडम्बना नै भन्नुपर्छ, सम्भवत: यसपालिको सर्वोच्च बारको निर्वाचन नतिजा सार्वजनिक भएको अवस्थामा मनाएको खुशीयाली र माला ग्रहणको कार्यलाई हेर्दा र देख्दा हामी अझै पनि विजय उन्मादबाट पछि हट्न सकेका छैनौं भन्ने नै सन्देश प्रवाह भएको छ ।

जसरी विभिन्न दलहरुका घोषणापत्र लेखेझैं लेखेर निर्वाचन गरिने परम्परालाई यो निर्वाचनले रोकेको थियो, त्यसै गरी विजयोत्सवको नाउँमा माला प्रथालाई पनि अन्त्य गरेको भए थप राम्रो सन्देश प्रवाह हुन्थ्यो । यो गहन कार्य गर्नबाट सर्वोच्च बार चुक्न पुगेको छ । जे जसो भए पनि कम्तीमा अब विजयी नामहरु सार्वजनिक भइसकेको अवस्था भए पनि सबै खेमाका कालाकोटे साथीहरुले देशमा देखा परिरहेको न्यायिक विचलन रोक्ने विषयमा गम्भीररुपमा सोच्नुहुनेछ । र, आगामी दिनहरुमा बारलाई नयाँ दिशा प्रदान गर्नुहुनेछ भन्ने आशासहित निर्वाचित भएका र नभएका सबैलाई हातेमालो गरी अगाडि बढ्न प्रेरणा प्राप्त होस् ।

# त्यो वैभवशाली बागमतीको यो हबिगत !

✍ डा. नबरथ बानियाँ

काठमाडौं उपत्यकालाई मध्य भागबाट चिर्दै बग्छ, बागमती नदी । यो शिवपुरीको बाघद्वारबाट निस्केर चोभारको गल्छी छिचोल्दै फराकिलो मैदान हुँदै कटवाल दहको भुमरीमा मडारिएर उपत्यकाबाट बाहिरिन्छ । काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर)को सभ्यता र संस्कृतिहरूको आधारशिला हो बागमती ।

जसरी संसारभरि नै नदी किनारमा मानव सभ्यता र संस्कृतिको विकास भएको छ, त्यसरी नै बागमती किनारमा पनि एक खालको सभ्यता र संस्कृति विकास भयो । खासगरी यहाँको नेवा संस्कृतिलाई विश्वमै विशेष संस्कृतिका रूपमा हेरिन्छ । सामाजिक सञ्जालमा बागमती खोलाको एउटा पुरानो सुन्दर फोटो भेटियो । त्यो सुन्दरीघाट खण्डको फोटोले मेरो स्मृति ताजा बनायो । जहाँ मेरा बाल्यकाल र किशोर अवस्थाका समय बितेका छन् । त्यही बागमती खण्डसँग मेरो आत्मीयता, गहिरो प्रेम र अगाध आस्था पनि छ । चोभारको चक्रतीर्थ, पदमतीर्थ, नख्खुको जयतीर्थ र सानेपाको राजतीर्थबिच पर्ने सुन्दरीघाट वरिपरिको क्षेत्रमा म हुर्केको हुँ । त्यो फैलिएको फराकिलो खोला बगरमा गोठालो बनेर गाई चराई हिँडेको स्मृतिमा ताजै छ ।

जेठमा उखरमाउलो गर्मी हुन्थ्यो । बागमतीमा सङ्लो पानी अविरल बगिरहन्थ्यो । हामी निर्वस्त्र चोपलिन्थ्यौं, पखालिन्थ्यौं । खोलामा पौडिने क्रममा अलि परसम्म बग्थ्यौं, दुई-चार घुड्की पानी खान्थ्यौं । हाम्रा लागि त्यो बागमती अहिलेको स्विमिङ पुलभन्दा अद्वितीय थियो । दुई हातका अञ्जुलीले पानी उठाउँदै घुट्क्याएर प्यास मेटाएको अनुभव छ । खोलाको पिँधमा सेता बालुवा देखिन्थे, सिक्का टल्कन्थे । त्यही सिक्का टिपेर खोपी खेलेको याद छ । सङ्लो पानीमा लहरै दौडिने असला, बुदुना माछाका हुल छेकी पिर्रेघाँस घोलेर माछा मारेको संस्मरण छ । खोला किनारमा गुईंठा बल्दै माछा पोलेर खाएको स्वाद जिब्रोले अहिलेसम्म खोजिरहन्छ । बालुवाको बगरमा भकुण्डो खेल्दा लागेको थकाइ अझै महसुस हुन्छ । गोठाले सखाहरूसँग प्रतिस्पर्धा गर्दै घाटका भकारीबाट खोलामा कुदेको, बाढीको पानीमा हेलिएको, शव (लास) सुताउन बनाइएको ब्रह्मनालमा चिप्लेटी खेलेको दृश्य आँखाअगाडि अझै नाचिरहन्छ । श्रद्धालुहरूले गङ्गामा चढाएको पैसा टिपेको सम्झना छ । त्यो बागमती स्वच्छ, कञ्चन, आत्मीय र सफदयी थियो । त्यसैले त्योचाहिँ मेरो बागमती थियो ।

म जन्मदा बागमती सफा थियो, मेरा पिता-पितामहका समयमा पनि सफा नै हुँदो हो । सुन्दरीघाट हाम्रो क्षेत्रको शवदाह र मृत्यु संस्कार गर्ने घाट हो । मेरा पुर्खाका धेरै पुस्ताले बागमती तटको यही घाटमार्फत पञ्चतत्त्वमा विलीन भएर गए । शवदाह पूर्वलासलाई नागको आसन भएको ब्रह्मनालमा सुताई खुट्टाले खोलाको पानी छुवाउनुपर्ने चलन थियो, परम्परा बन्यो । पानीमा छर्लङ्ग देखिने सफा बालुवामुनि अस्तु विसर्जन गर्नुपर्थ्यो । किरियापुत्री र मलामीका लागि गंगास्नानको अवसर हुन्थ्यो ।

हाम्रा पुर्खा बागमतीको घाटप्रति आस्थावान् थिए । पवित्रतामा नतमस्तक हुन्थे । त्यस्ता संस्कार र संस्कृति पुर्खाबाट हामीले पनि सिक्यौं । पशुपतिको आर्यघाट, भष्मेश्वरघाट, गोकर्णको हत्यामोचनघाट, सिनामङ्गलको प्रयागघाट, विष्णुमती दोभानको जम्बुद्वीप (घाट), कालमोचनघाट, सुन्दरीघाट लगायत धेरै मसानघाट आजपर्यन्त जीवन्त छ । खोला किनार मा लहरै बनाइएका यी घाटमा दाहसंस्कार हुन्थ्यो र गरिँदै छ । त्यसैले यो बागमती आफ्नै अन्त्येष्टि हुने घाटहरूको संरक्षण गर्दै मृत्युवरण गरेका हाम्रा पिता-पुर्खाको पनि हो । यो सम्पदा पुर्खाद्वारा हाम्रो पुस्तामा हस्तान्तरित सांस्कृतिक धरोहर हो । अहिले घाटहरूको अस्तित्व संकटमा छ । धेरै घाट अतिक्रमणले थला परेका छन् । कहीं घाटमाथि बाटो बनेको छ, कहीं पानीलाई घाटबाट अलग्याइएको छ । कैयौं ब्रह्मनाल फुटाइएका छन्, कति माटोमुनि दबाइएका छन्, पुरिएका छन् । एकाध भने सडक पेटीमा असर ल्ल छन् । श्राद्ध गर्न बनाइएका भकारीको पनि कन्तबिजोग छ । अतिक्रमणले यी धरोहर लोपोन्मुख अवस्थामा छन् ।

कटवालदहभन्दा माथिको अवस्था हेर्दा १३ वटा ठुला-साना खोलानाला मिलेर बागमतीले पूर्णता पाएको देखिन्छ । यहाँ श्रद्धालुले बागमतीलाई गङ्गा र यहाँको पानीलाई गंगाजल मान्छन् । उपत्यकावासीका आस्था अहिले पनि कायमै छन् । कटवाल दहसम्मको बागमती तटमा पर्ने कैयौं मठ-मन्दिरसँग म भलीभाँती परिचित छु । यहाँका १२ स्थानमा दोभान र त्रिवेणी छन् । खोला आसपासमा पुण्य प्राप्तिका लागि दर्शनयोग्य अनेक तीर्थ छन् । त्यहाँ म घुमेको छु र स्नानमा सहभागी पनि भएको छु ।

मेरो स्कुलले जीवनताका (२०३८/४० सालतिर) मलाई मेरी आमाले सुनाए अनुसार, उहाँहरूले बागमती तीर्थयात्रा भनेर कटवालदहदेखि वागद्वारसम्म (४३ किलोमिटर) करिब दुईहप्ते तीर्थयात्रा गर्नुहुन्थ्यो । उक्त यात्रामा लगभग डेढ सयभन्दा बढी बागमतीका तीर्थको दर्शन गरिन्थ्यो । पुराणमा पनि उल्लेख भए अनुसार ती खोला आसपासका कुवा, मूल, पोखरी, कुण्ड, मन्दिर, संगम लगायत बागमती तीर्थयात्रामा १६५ वटा दर्शनयोग्य तीर्थस्थल थिए । अहिले ती अधिकांश तीर्थ लोप भइसके, बाँकी रहेका केहीको पनि संरक्षण हुन सकिरहेको छैन । मैले पुरानै स्थानबाट एउटा उस्तै फोटो खिचेँ । त्यसमा बागमती अत्याशलाग्दो र विभत्स थियो । हाम्रो सभ्यता र संस्कृतिको स्रोत बागमती अचेत र निरीह प्रतीत हुन्छ ।

बागमतीमा अहिले पानीभन्दा बढी ढल बग्छ, कालो लेदो बग्छ । प्लास्टिक र फोहोरले छपक्कै ढाकेको छ । खोला होइन, धाप भएको छ । छोइसक्नु छैन, दुर्गन्ध परपर सम्म फैलिएको छ । खोलासँग मान्छेको सम्बन्धविच्छेद भएको छ । यहाँ न पहिले जसरी पूजा, स्नान, देवकार्य, पितृकार्य हुन्छन्, उदेकलाग्दो बागमती ढलमती भएको छ । बागमती केवल मान्छेका लागि मात्र होइन, अन्य जीवका लागि पनि हो । त्यो पशुपन्छीको पिउने पानीको स्रोत र जलचरको आश्रय स्थल हो । अहिले बागमती खोलामा जलजन्य जैविक विविधताको अंश पनि भेटिँदैन, त्यो पूर्णत: नष्ट भइसकेको छ । यसले निम्त्याउने पर्यावरणीय प्रतिकूलताको लेखाजोखा गर्न नै डर लाग्छ । अति भयो, ध्वस्त पार्नुको पनि सीमा हुन्छ ।

पहिले बागमती फराकिलो थियो । यहाँ नागबेली हुँदै पानी बग्थ्यो । उपत्यकाको जनघनत्व बढेपछि बागमतीको क्षमताभन्दा बढी दोहन भयो, पानीको बहाव घट्दै गयो । निर्माणका लागि बालुवा झिक्न बागमती कोतर्न सुरु भयो । जलमार्ग गहिरिँदै गयो । करिडोरको आशय र अर्थ नबुझ्ने अबुझहरूले बागमती बिथोले । भूमाफियाले बलौटे बगरलाई चोरबाटो हुँदै सुविधायुक्त सहरी घडेरीमा रूपान्तरित गरे । अतिक्रमण तीव्र भयो । खोलाको प्राकृतिक सीमालाई ठाडो पर्खालले खुम्च्याइयो । किनारामा फराकिला सडक बन्न थाले । कैयौं ठाउँ सुकुम्बासीले ओगटे । कहीं पार्क बने । बागमतीलाई पर्याप्त ठाउँ भएन । साँघुरो पर्खालबिच बग्ने बागमती खोला हुन सकेन, त्यो ढल भयो । मापदण्ड अनुसार बागमती बचाउनबाट सरकार चुक्यो । अब बागमतीको अपनत्व सरकारले लिएको पनि देखिएन ।


२०५२ मा सुरु भएको अधिकारसम्पन्न बागमती ढल निर्माण सुधार आयोजनालाई २०६५ मा पुन: अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति बनाइयो तर बागमती स्वच्छ र सफा राख्ने काम हुन सकेन । ढलको प्रत्यक्ष विसर्जन भइरह्यो । यो समिति बजेट र नियुक्ति मिलाउनमै ठिक्क छ । २०६६ सालको 'बागमती कार्ययोजना' लागु गर्दा पनि समस्या ज्युँका त्युँ छन् । २०७० जेठमा सुरु गरेको बागमती सफाइ महाअभियान पहल पनि सार्थक भएको छैन । त्यसमा राजनीति हुन थालिसक्यो । विश्वका धेरै देशका मुख्य सहरको बिचमा बहने नदी-खोलाहरूको सुन्दरता र उपयोग मैले देखेको छु, भोगेको छु । नेपालका लागि त्यो सिक्नुपर्ने असल अभ्यास हो । राम्रो कुरा सिक्ने जाँगर सरकारलाई भएन ।

सर्वोच्च अदालतले २०८० पुस ३० मा सुनाएको फैसलाले बागमती लगायत खोला किनाराका २० मिटर क्षेत्रलाई संरचना निर्माण निषेधित बनाएको थियो । त्यो फैसला बागमतीको पक्षमा थियो तर सरकार हाँक्ने दलहरूले फैसलाको विरोध गरे । उनीहरूमा आफ्ना भोट बैंक प्रभावित हुने स्वाभाविक डर पैदा भयो । सत्तारुढ र विपक्षी दलहरूले संयुक्त रूपमा बागमतीको अधिकार खोसे । उसो त दलहरूले पनि बागमतीको अपनत्व लिएनन् । बागमती झन्झन् टुहुरो हुँदै गयो ।

बागमतीलाई हामी चाहिएको थिएन, ऊ हुँदा हामी त्यहाँ भयौं । हामीलाई ऊ चाहिएको थियो । ऊ हाम्रो आवश्यकता थियो । ऊ हाम्रो अस्तित्वको मूलाधार थियो र त जीवन्त संस्कृतिको सिर्जना गरिदियो । बागमती नरहँदा मेरो संस्कृति, पहिचान, म र हामी नरहने सम्भावना रहन्छ कि भन्ने सवालमा चिन्ता लाग्छ । अहिले केवल बागमतीलाई लुछ्ने, खोतल्ने र चिथोर्ने काम हुँदै छ । सबैले यसबाट लिन र दोहन मात्र गर्न खोज्दै छन् । प्रचलित शब्दमा भन्दा निर्ममतापूर्वक अतिक्रमण हुँदै छ । तर म मेरो बागमतीको साथमा छु, अतिक्रमणविरुद्ध आवाज उठाइरहेको छु । सडक पेटीमा पुऱ्याइएका ब्रह्मनाल र भकारीको अवशेष यसै वर्ष असोज १२ गते बागमतीमा आएको बाढी केवल प्रकोप थिएन, अतिक्रमणविरुद्ध बागमतीको प्रत्याक्रमण थियो, दोहनको प्रतिशोध थियो । बागमतीको धैर्य टुटेको हो । त्यो भविष्यका लागि दिएको चेतावनी पनि थियो । विपत् बिर्सेर पुन: बागमती नै कोपर्नुलाई पुरुषार्थ सम्झ्यौं भने फेरि हाम्रा खुसी क्षणभङ्गुर हुनेछन्, विनाश टार्न सकिनेछैन । *(साभार: रातोपाटी)*

रविलाई छाड्ने आदेश :

# रवि संलग्न हुनसक्ने आधारबारे व्याख्या, धरौटी माग्नुको कारणबारे मौन



काठमाडौं/पोखरा । पोखराको सूर्यदर्शन सहकारीमा बचतकर्ताले राखेको रकम हिनामिनामा संलग्न रहेको आरोपमा पक्राउ परेको ८४ दिनपछि रवि लामिछाने हिरासतमुक्त भएका छन् । जिल्ला अदालत, कास्कीका न्यायाधीश नीतिज राईको इजलासले बिहीबार लामिछानेलाई ६५ लाख रुपैयाँ धरौटी लिएर छाड्न आदेश दिएको छ । लगत्तै धरौटी बराबरको बैंक जमानत बुझाएर उनी छुटेका हुन् ।

कास्कीबाट छुट्ने अवस्थामा लामिछानेलाई पठाइदिन भन्दै रुपन्देही, काठमाडौं, पर्सा र चितवन प्रहरीले जिल्ला प्रहरी कार्यालय, कास्कीलाई पत्राचार गरेको थियो । तर, प्रहरीले उनलाई शुक्रबार आफैं जिल्ला अदालत, काठमाडौंमा हाजिर हुने सर्तमा छाडिदियो ।

'सरकारले प्रतिशोध राख्यो भन्ने टीकाटिप्पणी धेरैतर्फ आइरहेका बेला त्यस्तो नियत थिएन भन्ने सन्देश दिन पनि उहाँलाई आज छाड्ने निर्णय लिएका हौं', प्रहरी उच्च स्रोतले संचारकर्मीसँग भन्यो, 'गृहमन्त्री समेत भइसकेको उहाँ जत्तिको व्यक्ति कुनै पनि बेला प्रहरीको सिनबाट बाहिर नहुने भएकाले उहाँलाई आफैं आउन छाडिदिएका हौं ।'

जिल्ला अदालत, काठमाडौंमा लामिछानेविरुद्ध स्वर्णलक्ष्मी सहकारीमा बचतकर्ताको १ अर्ब १९ करोड रुपैयाँ हिनामिना भएको प्रकरणमा मुद्दा दर्ता छ । स्वर्णलक्ष्मीमा हिनामिना भएको र कममध्ये ५ करोड ७८ लाख रुपैयाँ लामिछाने पूर्वसञ्चालक रहेको गोर्खा मिडियामा गएको अनुसन्धानबाट देखिएको थियो ।

काठमाडौंमा हाजिर भएलगत्तै लामिछानेबारे थुनछेक बयान र बहस सुरु हुनेछ । त्यसपछि उनलाई पुर्पक्षका लागि थुनामा पठाउने, धरौटी लिने वा साधारण तारेखमा छाड्नेमध्ये एउटा आदेश आउनेछ । काठमाडौंबाट पनि छुट्ने अवस्था हुँदा अन्यथा निर्णय नभए उनलाई रुपन्देही, पर्सा वा चितवनमा लगिनेछ । 'तर, कास्कीमा आज उनलाई जसरी छाड्ने निर्णय भयो, त्यो कारणले अहिल्यै त्यसबेला के हुन्छ भन्न सक्ने अवस्था छैन', काठमाडौं प्रहरीका ती अधिकृतले भने ।

**धरौटी माग्नुको कारणबारे मौन छ आदेश**

सूर्यदर्शन सहकारी प्रकरणमा लामिछानेसँगै अदालत उपस्थित गराइएकामध्ये सात जनालाई नै अदालतले धरौटीमा छाड्न आदेश दिएको छ । गोर्खा मिडिया नेटवर्कका तत्कालीन सञ्चालक एवं प्रबन्ध निर्देशक लामिछानेलाई ६५ लाख रुपैयाँ धरौटी माग्दा अदालतले अर्का सञ्चालक छविलाल जोशीसँग ८८ लाख रुपैयाँ मागेको छ ।

सहकारीको पैसा बैंक खातामा राखेको देखिएकी लीला पछाईलाई ३७ लाख, पूर्वसञ्चालक समिति सदस्य कृष्ण गुरुङलाई १ लाख र पूर्वउपाध्यक्ष मीना गुरुङ र पूर्वकोषाध्यक्ष आरती गुरुङलाई ५/५ लाख रुपैयाँ धरौटीमा छाड्न अदालतले आदेश दिएको छ । अदालतले कृष्णबहादुर गुरुङलाई धरौटीमा छाड्ने आदेश दिँदा 'उमेर र शारीरिक अवस्था'लाई कारण मानेको छ भने मिनाको हकमा 'सामूहिक जिम्मेवारी लिएर रकम बुझाउने प्रतिबद्धता जनाएको' भनिएको छ ।

रास्वपा सभापति लामिछानेसहित अन्यको हकमा भने धरौटी माग्नुको कारणबारे आदेश बोलेको छैन । बरु आदेशमा लामिछानेलाई 'अहिले नै कसुरदार रहेनछन् भन्न सकिने मनासिब आधार नदेखिनुको कारण'बारे व्याख्या गरिएको छ । लामिछानेले इजलासमा 'गोर्खा मिडियामा प्रबन्ध निर्देशक भए पनि त्यसबाट कसरी रकम आएको थियो भन्ने विषयमा फरार प्रतिवादी जीबी राईलाई नै थाहा भएको, कम्पनीसँग गरेका सम्झौता अनुसार वित्तीय कारोबार बारे जानकारी लिने दायित्व नरहेको, चेकमा हस्ताक्षर गर्ने मात्र गरेको, सूर्यदर्शन सहकारीबाट कुनै कर्जा नलिएको' भन्दै गरेको बयानलाई अदालतले नोट गरेको छ । तर, अदालतले ६ कारण देखाउँदै लामिछानेको बयान तत्काललाई मानेको छैन ।

आदेशमा उल्लेख भएअनुसार लामिछानेको एकल हस्ताक्षरबाट गोर्खा मिडिया प्रा.लि.को ८१४ वटा चेकको कारोबार भएको देखिएको छ । 'उनी गोर्खा मिडिया कम्पनीको आधिकारिक व्यक्ति हुनुभन्दा अघि र कम्पनीबाट अलग भएपश्चात पनि केही चेकहरुमा हस्ताक्षर गरेको देखिएको, प्रबन्ध निर्देशक जस्तो जिम्मेवार पदमा रही चेकमा हस्ताक्षर गर्ने हैसियत समेत राखेको व्यक्ति रहेको देखिएको', आदेशमा भनिएको छ, 'सूर्यदर्शन सहकारीको नाममा साबिक मेगा बैंकमा भएको कारोबार विवरण अनुसार जिबी राईबाट जम्मा भएको रकममध्ये लमिछानेको खातामा ७५ लाख रुपैयाँ गएको देखिएको छ ।'

लामिछानेको नाममा रहेको ग्लोबल आईएमई बैंकको खाताबाट फेरि त्यो पैसा गोर्खा मिडिया नेटवर्कको नाममा सञ्चालनमा रहेको ग्लोबल आईएमई बैंकको खातामा जम्मा गरेको देखिएको हुँदा सहकारीको रकम लामिछानेको खातामा आउने र त्यहाँबाट अन्यत्र जाने कार्य भएको पनि देखिएको भनिएको छ ।

'अन्य प्रतिवादीहरुसँग देखिएको अन्तरसम्बन्ध र बैंक खाताको ट्रान्जेक्सन समेतका मिसिलमा संलग्न तत्काल आधार प्रमाणहरुबाट निज प्रतिवादी अहिले नै कसुरदार रहेनछन् भन्न सकिने मनासिब आधार नदेखिए पनि...', आदेशमा प्रष्टै उल्लेख गरिएको छ ।

अर्थात्, आदेशमा लामिछाने कुनै न कुनै रुपमा कसुरमा संलग्न छैनन् भन्ने नदेखिने न्यायाधीश राईको प्रारम्भिक विवेचना छ । सँगसँगै राईले उनीसहित अन्य प्रतिवादीलाई थुनामा पठाइहाल्नु पर्नेसम्मको अवस्था पनि देखेका छैनन् । आदेशमा अगाडि भनिएको छ, '...तत्काल प्राप्त माथि उल्लेखित प्रमाणहरुबाट प्रतिवादीलाई पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा निज प्रतिवादी रवि लामिछानेबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतका आधारमा धरौटी रु. ६५ लाख रुपैयाँ लिई तारेखमा राख्नु... ।'

कानून व्यवसायीहरुका अनुसार, कसुरमा संलग्न भएको आधार देखेर पनि थुनिहाल्ने अवस्था नभएमा फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा ६८ उदधृत गर्ने गरिन्छ । सामान्यतया: जन्मकैद वा ३ वर्षभन्दा बढी कैद सजाय हुने अभियोगमा संलग्न रहेका आरोपितलाई थुनामा पठाउने चलन छ । लामिछानेको हकमा उनी संलग्न रहेका घटनाहरुको संक्षिप्त विवेचना गरेर कार्यविधि संहिताको व्यवस्थालाई धरौटीको आधारका रुपमा न्यायाधीश राईले प्रस्तुत गरेको कानून व्यवसायीहरु बताउँछन् ।

लामिछाने आफूमाथि सहकारी ठगीको आरोप लागिरहेका बेला २३ फागुन २०८० मा गृहमन्त्री समेत बनेका थिए । तर, तत्कालीन प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारी ठगीमा संलग्नताबारे संसदीय समिति गठन गरेर छानबिन हुनुपर्ने माग राख्दै संसद्मा अवरोध गरिरह्यो ।

लामो गतिरोधपछि १५ जेठ २०८१ मा सहकारी समस्याबारे छानबिन गर्न एमाले सांसद् सूर्य थापाको नेतृत्वमा संसदीय विशेष समिति गठन भयो । समितिले सहकारीको रकम अपचलनमा लामिछाने समेतलाई दोषी ठहर गर्दै ४ असोज २०८१ मा प्रतिवेदन बुझाएको थियो । त्यसपछि लामिछानेमाथि अनुसन्धान अघि बढेको थियो ।

गोर्खा मिडिया नेटवर्कका पूर्वसञ्चालक छविलाल जोशीलाई ६ असोजमा पक्राउ गरेर प्रतिवेदनको कार्यान्वयन थालेको सन्देश दिएको प्रहरीले लामिछानेलाई एक महिनापछि नियन्त्रणमा लिएको थियो । तर, वनस्थलीस्थित पार्टी कार्यालयबाट २ कात्तिकमा परिसक्दा समेत लामिछानेले आफू सहकारीसँगको आर्थिक कारोबारमा संलग्न नरहेको जिकिर गरिरहेका थिए ।

सहकारीबाट टिभीमा आएको रकममध्ये आफ्नो हिस्सामा पर्नेजति जिम्मेवारी लिन तयार भए पनि सहकारीसँग कारोबारमा नजोडिएको लामिछानेको जिकिर थियो । तर, पछि प्रहरीले सहकारीको ऋण तिर्न प्रयोग भएको लामिछानेको हस्ताक्षरसहितका चेकहरु समेत बरामद गरेको थियो ।

प्रहरीले सरकारी वकिलको रोहबरमा लामिछानेसँग बयान लिँदा ती चेकहरू समेत देखाएको थियो । त्यसक्रममा लामिछानेले आफू चेकको हस्ताक्षरकर्ता हुनुको अर्थ निश्चित समयमा काम सम्पन्न गर्न बाधा नपुगोस् भन्नका लागि मात्र भएको दाबी गरेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'महाभोज'बाट किन बाहिरिइन् मिरुना ?



काठमाडौं/फिल्मको छायांकन सुरु नहुँदासम्म कलाकार भित्रने र बाहिरिने क्रम जारी रहन्छ । एक हिसाबले यो सामान्य हो । तर, भित्रनेभन्दा बाहिरिनेको सवालमा अक्सर एउटा प्रश्न उठ्ने गर्छ- 'टिमभित्र उत्पन्न मनमुटाव वा असमझदारीका कारण बाहिरिने अवस्था आएको त होइन ?' किनकि, धेरैजसो फिलमबाट कलाकारहरु छायांकनको संघारमा बाहिरिनुको पछाडि यही कारण मुख्य हुने गरेको छ ।

यतिबेला फिल्म 'महाभोज' बाट अभिनेत्री मिरुना मगर अलगिएको खबर छ । यसको पुष्टि निर्देशक दिनेश राउत स्वयंले गरेका छन् । मिरुनाको ठाउँमा गौमाया गुरुङ भित्रिसकेकी छन् । तर, कुनै असमझदारी उत्पन्न भएर मिरुनाले फिल्म नछाडेको निर्देशक राउतको भनाइ छ । पारिवारिक कारणले गर्दा समय दिन नभ्याउने भएपछि मिरुना सहमतिमै अलगिएको उनले बताए ।

केही दिनदेखि फिल्मको वर्कसप जोरसोरले चलिरहेको छ । मुख्य कलाकारहरु खगेन्द्र लामिछाने, आर्यन सिग्देल, गौमाया गुरुङ, अञ्जना बराइली, मलिका महत वर्कसपमा सहभागी छन् । फिल्मका अर्का मुख्य अभिनेता दयाहाङ राई भने काम व्यस्तताले गर्दा वर्कसपमा जोडिन पाएका छैनन् । आगामी माघ १ गते मुहूर्त गरेर फिल्मको छायांकन सुरु गरिँदैछ ।

विकास सुवेदीको लेखन रहेको 'महाभोज'मा अनुपविक्रम शाही, बुद्धि तामाङ, कमलमणि नेपाल लगायतको पनि अभिनय रहनेछ । फिल्मको निर्माता हिमाल कडरिया हुन् । सामाजिक कथावस्तुमा बन्न लागेको फिल्मलाई आगामी जेठमा रिलिज लक्ष्य राखिएको छ । यसअघि निर्देशक राउतको 'पूजार सार्की' पनि जेठमै रिलिज भएको थियो । उनले जेठ महिनालाई 'लक्की' मानेको देखिन्छ ।

# 'होस्टेल ३'को पोस्टरमा पारस अध्ययनशील, सिम्रन चुलबुले




काठमाडौं/आगामी फागुन २३ गतेबाट प्रदर्शनको तयारीमा रहेको सशान कँडेल निर्देशित फिल्म 'होस्टेल ३'को श्रृंखलाबद्ध रुपमा पोस्टरहरू सार्वजनिक भइरहेका छन् । केही दिनअघि नयाँ प्रदर्शन मितिसहित सार्वजनिक फर्स्टलुक पोस्टरमा फिल्मका मुख्य अभिनेताहरू आशिष घिमिरे, पारस बम (कुल ब्वाई), रिहान गिरि र पदम तामाङ चित्रित थिए, जसमा उनीहरूको मित्रता दर्शाइएको थियो ।

अब दोस्रो पोस्टर सार्वजनिक गरिएको छ । चार अभिनेतासहित तीन अभिनेत्रीहरु सिम्रन पन्त, हेना नगरकोटी र समा पराजुलीलाई पनि स्थान दिइएको पोस्टरमा सबै आ-आफ्नै धुनमा देखिन्छन् । कोही किताब पढिरहेका छन् भने कोही गितार बजाउँदै संगीतमा झुमेका छन् । क्याम्पस जीवनका सैर्ष, मित्रता र रमाइलो क्षणलाई फिल्मले कथावस्तु बनाएको पोस्टरले संकेत गर्छ ।

निर्देशक कँडेल स्वयंको कथा तथा माधव शर्माको पटकथा एवं संवाद लेखन रहेको फिल्ममा उमर खान, सन्तोष बानियाँ, आशिष पुरुष, रोहन श्रेष्ठलगायतको पनि अभिनय छ । फिल्मको निर्माताहरु सुरेश कँडेल, कर्ण कार्की र गोविन्द अधिकारी तथा कार्यकारी निर्माता शंकर कोइराला हुन् । सह-निर्माताहरूमा शिशिर ज्ञवाली, कुन्दन गुप्ता र अनिस सिग्देल छन् ।

फिल्ममा अर्जुन तिवारी डिओपी, बुद्ध थापा र मनोज खत्री सिनेमाटोग्राफर, अर्जुन पोखरेल, अलमोडा राणा उप्रेती, महेश ज्ञवाली र किरण माइकलको संगीत, प्रवीण सिंह र रोशन विश्वकर्माको कोरियोग्राफी, विकास दाहालको सम्पादन र हिमाल केसीको द्वन्द्व छ । यसका अघिल्ला दुई श्रृंखला व्यावसायिक रुपमा सफल भएका थिए भने त्यसबाट उदाएका केही कलाकार 'स्टार' बनेका छन् ।

# व्यक्तिगत बचत खाताको व्यावसायिक कारोबार अब शंकास्पद कारोबार हुने




काठमाडौं/व्यक्तिगत बचत खातामा हुने व्यावसायिक कारोबार शंकास्पद वित्तीय कारोबार हुने भएको छ ।

व्यक्तिगत बचत खातालाई व्यावसायिक कारोबारका रूपमा प्रयोग गरे त्यसलाई शंकास्पद कारोबारका रूपमा बैंकहरूले वित्तीय जानकारी इकाइमा जानकारी गराउनुपर्ने भएको छ ।

यस्तै कुनै कम्पनीको व्यावसायिक कारोबारको रकम कसैको व्यक्तिगत खातामा भुक्तानी दिने वा लिने भए त्यस्तो कारोबारलाई शंकास्पद कारोबारका रूपमा बैंकहरूले वित्तीय जानकारी इकाइमा जानकारी दिनुपर्ने छ ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि जारी गरेको एकीकृत निर्देशिका संशोधन मार्फत उक्त व्यवस्था गरेको हो । कुनै पनि कानुन बमोजिम स्थापना भएको कम्पनी (कानुनी व्यक्ति) ले व्यक्तिगत खातामा व्यावसायिक कारोबार गर्दा शंकास्पद कारोबार हुने भएको हो ।

सम्पत्ति शुद्धीकरण निवारण नियमावलीले गरेको व्यवस्था अनुसार राष्ट्र बैंकले उक्त निर्देशन जारी गरेको हो ।

'कानुनी व्यक्ति वा कानुनी प्रबन्धले व्यावसायिक कारोबारसँग सम्बन्धित रकम त्यस्तो कानुनी व्यक्ति वा कानुनी प्रबन्धको खाताबाहेक अन्य कसैको व्यक्तिगत खातामा भुक्तानी दिने वा लिने गरेको पाइएमा शंकास्पद कारोबार का रूपमा वित्तीय जानकारी इकाइलाई जानकारी दिनुपर्ने छ,' राष्ट्र बैंकको निर्देशनमा छ, 'प्रचलित कानुन बमोजिम बाहेक व्यक्तिगत बचत खातालाई व्यावसायिक कारोबारको माध्यम बनाइएको पाइएमा शंकास्पद कारोबारका रूपमा त्यसको जानकारी वित्तीय जानकारी इकाइलाई दिनुपर्ने छ ।'

त्यस्तै बैंक तथा वित्तीय संस्थाले व्यवस्थापकीय तहको कार्यान्वयन अधिकारी प्रमुख रहने गरी एक अलग्गै 'एएमएल/सीएफटी' विभाग/इकाइ खडा गर्नुपर्ने व्यवस्था छ । बैंकले कार्यान्वयन अधिकारीको नियुक्ति तथा शंकास्पद कारोबार प्रतिवेदन पठाउने सम्बन्धमा नयाँ व्यवस्था गरेको छ ।

बैंक तथा वित्तीय संस्थाले कार्यान्वयन अधिकारी नियुक्ति गर्दा निज सम्बन्धित नियमनकारी निकायका पदाधिकारी वा उच्च व्यवस्थापनका कर्मचारीको एकाघर परिवार वा नजिकको नातेदार नरहेको यकिन गर्नुपर्ने छ ।

त्यस्तै संस्थाले शंकास्पद कारोबारको प्रतिवेदन पठाउँदा त्यस्तो संस्थाको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदारको विवरण पठाउनुपर्ने भए निजबाहेक अन्य अधिकारीबाट प्रतिवेदन पठाउने व्यवस्था मिलाउनुपर्ने राष्ट्र बैंकको निर्देशनमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# टीकापुर जग्गा प्रकरणमा ११ जना दोषी, अरुलाई सफाइ



काठमाडौं/विशेष अदालतले टीकापुर जग्गा अनियमितता प्रकरणमा ११ जनालाई दोषी ठहर गरेको छ ।

टीकापुर नगर विकास समितिका अध्यक्ष नेत्रप्रसाद जोशी, उपसमिति संयोजक गणेशसिंह रावललगायत सदस्यहरू श्याम खत्री, बमबहादुर बम, देवेन्द्रबहादुर कुँवर, पदमराज न्यौपाने, खडगबहादुर शाह, अम्बादत्ता जोशी, योजना प्रमुख बलबहादुर कडायत, नापी अधिकृत मानबहादुर चन्द र मालपोत अधिकृत जयबहादुर विष्टलाई दोषी ठरह गरेको हो ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्यहरू तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले उनीहरूलाई डेढ महिना कैद र १३ लाख ७ जार रुपैयाँका दरले जरिवाना भएको छ । अरु सबै आरोपितहरूले सफाइ पाएका छन् ।

टीकापुरको सरकारी जग्गा गैरकानूनी रूपमा व्यक्तिका नाममा दर्ता गराएहरूको जग्गा जफत हुने आदेश भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत माघमा कैलालीको टीकापुर नगर विकास समितिको जग्गा अनियमित ढंगले व्यक्तिलाई बाँडेको आरोपमा दुई सय ४९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

नक्कली रसिद बनाई गलत ढंगले सार्वजनिक जग्गा व्यक्तिको नामा दर्ता गरेको आरोपमा अख्तियार समितिका अध्यक्षहरू, पदाधिकारीहरू, कर्मचारीहरू र जग्गा पाउने व्यक्तिहरूविरुद्ध मुद्दा चलेको थियो ।

भ्रष्टाचार मुद्दा दायर भएकामध्ये १४ जना टीकापुर विकास समिति र त्यसको जग्गा वितरण गर्ने कामसँग सम्बन्धित पदाधिकारी र एक सय १० जना जग्गाधनी हुन् ।

*(स्रोत: अनलाइनखबर)*

# हरिवंश र दयाहाङको 'भूठान' बैशाख १२ गते आउने

काठमाडौं/'बुलबुल'बाट ठूलो ख्याति कमाएका निर्देशक विनोद पौडेलको दोस्रो फिल्म 'भूठान'को प्रदर्शन मिति घोषणा गरिएको छ । बिहीबार एक पोस्टर सार्वजनिक गर्दै निर्माण कम्पनी म्याड मङ्की फिल्म्सले आगामी वर्षको बैशाख १२ गतेलाई प्रदर्शन मिति घोषणा गरेको हो । यो फिल्मको अंग्रेजी नाम 'द वल्डर्स ह्याप्पिएस्ट म्यान' राखिएको छ । यसको अर्थ संसारकै सबैभन्दा खुसी व्यक्ति भन्ने हुन्छ ।

पोस्टरमा फिल्मका मुख्य कलाकार हरिवंश आचार्यलाई केन्द्रमा राखिएको छ । निराश भावमा देखिएका उनको कपाल र दाह्री सेतै फुलेको छ । हलिउड अभिनेता ब्रुस डर्न र दयाहाङ राईलाई पनि पोस्टरमा देख्न सकिन्छ । दयाहाङ अमेरिकी आर्मीको पोशाकमा चित्रित छन् । पोस्टरमार्फत् पात्रको लुक्स र मनोदशा दर्शाउन खोजिएको छ ।

निर्देशक पौडेल स्वयंको लेखन रहेको फिल्ममा अनुराधा मजुमदार, पूजा चन्द, ऋचा घिमिरे, जोएस पाण्डे, अदिति प्याकुरेल, टम क्रेन, विमल सुवेदीलगायतको पनि अभिनय छ । हलिउडका केही प्राविधिकहरुको पनि संलग्नता रहेको फिल्मको निर्मातामा विनोद पौडेल, अविरल थापा, राजेन्द्र ठकुराठी, अमिताव जोशी, सशांक मैनाली र किर्तना बाँस्कोटा रहेका छन् ।

निर्देशक पौडेलले विश्वभरका दर्शकका लागि फिल्म बनाएको र जोकोहीले हेर्दा पनि कथाको भाव र गहिराइ महसुस हुने विश्वास व्यक्त गरेका छन् । निर्मातामध्येका एक अविरल थापा फिल्ममा हरिवंश आचार्यको अहिलेसम्म कतै नदेखिएको विल्कुलै नयाँ अवतार र अद्भूत अभिनय देख्न पाइने दाबी गर्छन् । 'भूठान' आचार्यको जीवनकै कालजयी फिल्म बन्ने उनको विश्वास छ । भुटानदेखि भारत, नेपाल हुँदै अहिले अमेरिकामा बसोबास गरिरहेका भुटानीहरुको देशप्रेम र आफ्नो थातथलो छोड्नु पर्दाको कथा र आफनो जराको खोज समेटेर बनेको फिल्ममा सुसन प्रजापतिको डीओपी, अन्जय खड्काको सम्पादन, डिकेश खडगी शाहीको ध्वनी, सुर्य शाहीको कास्टिङ्ग, विमल सुवेदीको प्रोडक्सन डिजाइन तथा बलिउडका अन्जन गजुरेलको कला निर्देशन रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमती खेलकुद परिषद्का १० सदस्यले लिए सपथ



साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ बागमती प्रदेश खेलकुद विकास परिषद्का नवनियुक्त १० जना सदस्यले पद तथा गोपनीयताको सपथ लिएका छन् ।

सामाजिक विकास मन्त्रालयमा आयोजित समारोहमा सदस्य रवि महर्जन (ललितपुर), संगीत श्रेष्ठ (मकवानपुर), नविना खनियाँ (चितवन), कल्पना खड्का (रामेछाप)ले नियुक्त भएको डेढ महिनापछि आज बिहीवार सपथ लिएका हुन् । उनीहरुलाई गत १० मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले नियुक्त गरेको थियो ।

परिषद्को रिक्त ६ जना सदस्यलाई गत मंगलबार बसेको मन्त्रीपरिषद् बैठकले नियुक्त गरेपछि एकैपटक १० जनाको सपथ गराइएको हो । गत मंगलबार नियुक्त सदस्य सविन भट्टाचार्य (मकवानपुर), राजन धिताल (सिन्धुपाल्चोक), दीपा क्षेत्री (मकवानपुर), अमृत लुङवा (मकवानपुर), अञ्जना शिवाकोटी (दोलखा) र गोविन्दलाल श्रेष्ठ (काभ्रेपलाञ्चोक) ले सपथ लिएको युवा तथा खेलकुदमन्त्री मिनकृष्ण महर्जनले जानकारी दिए ।

परिषद्को सदस्यसचिवमा नुवाकोटका दीपक लामालाई २६ भदौमा बसेको मन्त्रिपरिषद् बैठकले नियुक्त गरेको थियो । विभागीय मन्त्रालय युवा तथा खेलकुद मन्त्रालय रहेपनि प्रदेश खेलकुद विकास परिषद्सँग सम्बन्धित कानुन संशोधन नभएकाले परिषद्को पदाधिकारी र सदस्य नियुक्तिसम्बन्धी क्षेत्राधिकार सामाजिक विकास मन्त्रालयसँग छ । २ जेठ २०८१ मा यसअघिका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालय गठन गरेका थिए । प्रदेश खेलकुद विकास ऐन २०७५ को अध्यक्ष विभागीय मन्त्री हुने व्यवस्था छ ।

सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी र युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन, प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामालगायतले सदस्यहरुलाई सपथ गराए । कार्यक्रमलाई सम्बोधन गर्दै युवा तथा खेलकुद मन्त्री महर्जनले खेलकुद क्षेत्रमा लामो समयदेखि योगदान गरेका व्यक्तिलाई परिषद्को सदस्यमा मनोनित गरिएको भन्दै यसले बागमती प्रदेशको समग्र खेलकुदक्षेत्रको विकासमा महत्वपूर्ण सहयोग मिल्ने बताए । सामाजिक विकासमन्त्री खड्गीले परिषद्का सदस्यलाई आफ्नो विज्ञता प्रयोग गरी खेलकुद क्षेत्रको प्रवर्द्धन र खेलाडीको हितका लागि काम गर्न सुझाव दिइन् ।

कार्यक्रममा मुख्यमन्त्री बहादुरसिं लामाका राजनीतिक सल्लाहकार विनोद शाह, सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैह्रे, प्रदेश खेलकुद विकास परिषद्का प्रमुख बद्रीबहादुर पाठक, खेलकुद मन्त्रालयका कार्यक्रम महाशाखा प्रमुख सूर्य दाहाल लगायतको उपस्थिति रहेको थियो ।

# थाहा फिल्म फेस्टिभल हुने

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/'थाहा फिल्म फेस्टिभल' को दोस्रो संस्करण आयोजना हुने भएको छ । मकवानपुरको थाहा नगरपालिकामा पुस २८ गतेबाट सुरु हुने महोत्सव माघ १ गतेसम्म चल्नेछ ।

तीनदिने फेस्टिभलमा सर्ट फिल्म, फिचर फिल्म र डकुमेन्ट्री सहित जम्मा २० फिल्म प्रदर्शन गरिनेछन् । महोत्सवमा सहभागिताका लागि पेस भएका ४६ फिल्ममध्येबाट जम्मा २० फिल्म छानिएको आयोजक थाहा कला केन्द्रले जनाएको हो । थाहा नगरपालिकास्थित बज्रबाराहीमा आयोजना हुने यस महोत्सवमा पखेटा, टुल्की, बाटो, लाखे, सतिदेवी, मोदीवेनी लगायत फिचर फिल्म प्रदर्शन हुनेछन् । सर्ट फिल्मतर्फ बेली, अन्तवार्ता, द रोप अफ होप, निर्देश, दुई सय रुपैयाँ, खिल लगायत छन् ।

डकुमेन्ट्रीतर्फ हिउँ चितुवा, गर्ल्स रिराइटिङ डेस्टिनी लगायत रहेका छन् । महोत्सवमा फिल्म प्रदर्शनीसँगै 'फिल्म समीक्षा' र 'नेपाली सिनेमाको विविधता' जस्ता समसामयिक विषयमाथि छलफल हुँदैछ । पर्यटकीय गन्तव्यका रुपमा परिचित र सांस्कृतिकरुपमा पनि धनी थाहा नगरपालिका फिल्म छायांकनका लागि रोजाइमा पर्ने थलो हो । पर्यटनका लागि चलचित्र नारासहित आयोजना हुँदै आएको यस महोत्सवले फिल्ममार्फत् आन्तरिक पर्यटनलाई जोड्ने लक्ष्यसमेत लिइएको छ ।

महोत्सव संयोजक प्रमोदकृष्ण जोशी भन्छन्, 'काठमाडौँ र हेटौंडाजस्ता सहरको नजिकै रहेर पनि थाहा नगरपालिकामा हालसम्म कुनै सिनेमा हल सञ्चालनमा छैन । त्यसकारण सहजै सिनेमा हेर्न नपाउने यहाँका दर्शकलाई लक्षित गरी यो महोत्सव आयोजना गरिएको हो ।' उनी थप्छन्,-'फिल्म हेर्ने बहानामा आन्तरिक पर्यटन पनि फस्टाओस् भन्ने हाम्रो उद्देश्य हो ।' थाहा कलाकेन्द्रको आयोजनामा हुन लागेको थाहा फिल्म फेस्टिभलको लागि संस्कृति तथा पर्यटन मन्त्रालय बागमती प्रदेशले सहकार्य र नेपाल पर्यटन बोर्डले सहयोग गरेको छ ।

# ८ नम्बर वडामा कानुनीशिक्षा अनुशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/टोल विकास संस्था नगरसमन्वय समिति, हेटौंडा उपमहानगरले उपमहानगरको ८ मा वडास्तरीय कानुनीशिक्षा अनुशिक्षण कार्यक्रम गरेको छ ।

हेटौंडा उपमहानगरपालिका न्यायीक समितिको सहयोग एवम् समन्वयमा विभिन्न वडामा एकदिने अनुशिक्षण कार्यक्रम आयोजना गरेको हो । हेटौंडा-८ मा गठित टोलविकास संस्था एवम् अन्य संघसंस्थाका पदाधिकारी, सदस्यको लागि अनुशिक्षण गरेको छ । नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षता एवम् हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँको प्रमुखआतिथ्यमा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका न्यायिक समितिका सदस्य एवम् नगरसमन्वय समिति सल्लाहकार ज्ञानबहादुर थापा, टोलविकास संस्था नगरसमन्वय समितिका उपाध्यक्ष शान्ति श्रेष्ठ, महासचिव शिबहरि दाहाल, उपमहासचिव देबकुमार श्रेष्ठ, सचिव चन्द्रावती पनेरु र पुण्यवती घिमिरे, सदस्य सुमित्रा पान्डे, कमला पौडेल र उर्मिला राना, मेलमिलाप केन्द्रका संयोजक यदुवंश खतिवडा, ८ नं वडासमन्वय समिति अध्यक्ष बिष्णु अर्याललगायतको उपस्थिति थियो ।

कार्यक्रमलाई हेटौंडा उपमहानगरपालिका कानुनअधिकृत अधिवक्ता सुजन तिमल्सिना, नेपाल बार एसोसियसन मकवानपुरका अध्यक्ष अप्सरा बस्नेत तथा अन्जिता थापाले सहजीकरण गरेका थिए । कार्यक्रममा हेटौंडा-८ का ६५ जनाको सहभागिता रहेको थियो । कार्यक्रम नगरका सबै वडामा संचालन गर्ने नगरसमन्वय समिति महासचिव दाहालले जानकारी दिए ।

# गाँजाखेतीलाई 'बैध' गरिनुपर्छः मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता



हेटौंडा, २५ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले मकवानपुरको राक्सिराङ पुगेर संघीय सरकारले ऐन बनाएर गाँजाखेतीलाई बैध गरिनुपर्ने बताएका छन् ।

राक्सिराङ गाउँपालिकाको १७ औं हिउँदे अधिवेशनलाई उदघाटन गर्न राक्सिराङको चैनपुर पुगेका मुख्यमन्त्री लामाले सरकारले कानुन निर्माण गरेर गाँजाखेती गर्ने वातावरण तयार गर्नुपर्ने बताएका हुन् । हिउँदे अधिवेशनलाई सम्बोधन क्रममा मुख्यमन्त्री लामाले नागरिकको आवश्यकता अनुसारको विकास र गुणस्तरीय सेवा सहजरुपमा प्रदान गर्नु अहिलेको आवश्यकता रहेको तर, त्यसको लागि आन्तरिक समस्या र कानुनी अड्चन सुल्झाउनुपर्ने बताएका छन् ।

उनले सीमान्तकृत वर्गको नागरिकको जीवनस्तर सुधारका लागि प्रदेश सरकारले रणनीतिक योजना कार्यान्वयनमा ल्याउने बताएका छन् । उनले चेपाङ समुदायको विकास र उत्थानका लागि संरक्षितक्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयनको चरणमा बागमती प्रदेश सरकार रहेको उदघोष गरेका छन् । मुख्यमन्त्री लामाले राक्सिराङ हुदै धादिङको आदमघाट जोडिने बाटोलाई बहुबर्षीय योजनामा पार्न सरकार लाग्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

यसैगरी, मकवानपुर क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य तथा नेकपा एमालेका प्रमुखसचेतक महेशकुमार बर्तौलाले स्थानीय तहले सिन्डिकेट लगाउदा संसदहरु जनताका विषयमा जनप्रतिनिधिसँग जोडिन नसकेको आरोप लगाएका छन् । उनले स्थानीय तहका प्रमुख/उपप्रमुखले संघ तथा प्रदेश सांसदसँग समन्वय गरेर अघि बढ्नु पर्ने बताएका छन् ।

गाउँपालिकाले अधिवेशनको अबसरमा पत्रकारदेखि कृषक, टोल विकास संस्था, शिक्षक र महिला उद्यमी, कर्मचारीलाई सम्मान गरेको छ । गाउँपालिकाको गतिविधि र समग्र जनोसरोकारको कुरामा सञ्चारमाध्यममार्फत राक्सिराङको पहिचान गराउन सहयोग पुर्‍याएको भन्दै प्रष्टखबरका बरिष्ठ संवाददाता सुनिल शिवाकोटी र समृद्धसमाज राष्ट्रिय दैनिकका प्रधानसम्पादक सुरेश श्रेष्ठलाई नगद सहित प्रशंसापत्रले सम्मान गरिएको हो ।

गाउँपालिकाले शिक्षकतर्फ वडा नम्बर ७ मा रहेको दामाराङ आधारभूत विद्यालयका शिक्षक कौशिबहादुर सिंह बागेश्वरी माविका अवकाशप्राप्त कार्यालय सहयोगी युद्धबहादुर खत्री र विद्यालयतर्फ गाउँपालिकाको वडा नम्बर २ कुडुलेमा रहेको प्रजाप्रगति आधारभूत विद्यालयलाई सम्मान गरिएको हो । त्यसैगरी गाउँपालिकाले सञ्चालन गरेको पालिकास्तरीय परीक्षामा उत्कृष्ट हुने धिराङ आधारभूत विद्यालयका छात्र इन्द्रबहादुर चेपाङ र बागेश्वरी माविका छात्रा स्यामुमाया रुम्बालाई सम्मान गरिएको हो ।

२०८० को एसइइ परीक्षामा उत्कृष्ट भएका सूर्योदय माविका लक्ष्मण प्रजा र कंचन राना, उत्कृष्ट गैरसरकारी संस्थातर्फ बिध्नहर्ता नेपाल, उपभोक्ता समितितर्फ कोलगैरी-दुंगु सडक स्तरीकरण योजना, महिलाउद्यमीतर्फ दिदीबहिनी कृषि तथा पशुपंक्षीपालन कृषक समूह, कृषिफर्मतर्फ लरिन एकीकृत कृषि पशुपालन फर्म, समाजसेवी राजेन्द्र प्रजालाई प्रशंसापत्रसहित सम्मान गरेको हो ।

कार्यक्रममा मकवानपुरका प्रजिअ तीर्थराज चिलुवाल, मक्वानपुरका प्रहरीउपरीक्षक विश्वराज खड्का, बागमती प्रदेशका निवर्तमान भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर चेपाङ, संविधानसभा सदस्य गोविन्दराम चेपाङ, कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तान, राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, उपाध्यक्ष वनस्तम थिङ लगायतको आतिथ्यता रहेको थियो ।

# कोठामा पलेँटी कसेर बसेकै अवस्थामा राक्सिराङका सरोजको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ मकवानपुरको राक्सिराङ गाउँपालिका घर भएका २८ वर्षीय युवक हेटौंडा उपमहानगरपालिका-१०, बसर्पाकस्थित एक होटलको कोठामा बसिरहेको अवस्थामा मृत भेटिएका छन् ।

मकवानपुरको विकट राक्सिराङ गाउँपालिका-४ घर भएका सरोज शाह बिहीवार बिहान साढे १२ बजे चण्डिका होटलको २०१ नम्बर कोठामा मृतअवस्थामा फेलापरेका छन् । मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालयका अनुसार मृतह शाहको शव खाटमा पलेँटी कसेर बसेको अवस्थामै मुन्टो घोप्टो परेको स्थितिमा भेटिएको थियो ।

प्रहरीले शाह बस्ने कोठामा सानो प्लेटमा सिक्का पैसा, ड्रग्स जस्तो देखिने सेतोपदार्थ र ब्लेड फेला पारेको जनाएको छ । 'मादकपदार्थ सेवन गरेको र कोठामा लागूपदार्थ जस्तो सेतो वस्तु भेटिएकोले ओभर डोजको अनुमान छ । तर, जाँच नभइसकेकाले यही नै कारण हो भन्न सकिँदैन' डिएसपी अर्यालले भने ।

नाकबाट रगत बगेको अवस्थामा भेटिएका शाह बुधवार साँझ हेटौंडा-४ कमलडाँडामा मादकपदार्थ सेवन गरेर साँझ साढे ६ बजे होटलमा आइपुगेको अर्यालले जानकारी दिए । मृतक शाहलाई नेपाली प्रहरीका एकजना कर्मचारीले नै होटलमा पुर्‍याउन आएका थिए । प्रहरीले उनलाई सोधपुछ गरेको छ ।

'मृतक आफ्नो आफन्तसँग बसेर मादकपदार्थ सेवन गरिरहेको अवस्थामा हाम्रो कर्मचारीलाई होटलमा पुर्‍याउन लगाइएको रहेछ । उनीहरु मिल्ने साथी रहेछन् । सोधपुछको क्रममा साथी भएकाले होटलसम्म पुर्‍याएर फर्किएको बताएका छन् ।' उनले भने ।

शाह १५ पुसदेखि होटलमा निरन्तर बस्दै आएका थिए । दिउँस काम गर्न जान्छु भनेर निस्किने र साँझ होटलमा आएर बस्ने गरेको डिएसपी अर्यालले बताए । आज बिहान ढोका नखुलेको र मृतक शाह होटल बाहिर पनि ननिस्किएपछि होटल सञ्चालकले झ्यालबाट हेर्दा शंकास्पद लागेपछि प्रहरीलाई खबर गरेका थिए । शव पोस्टमार्टमको लागि हेटौंडा अस्पतालमा राखिएको र घटना बारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# प्रदेशस्तरीय महिलाउद्यमी मेला सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ महिलाको लगानी घर घरमा उद्यमी भन्ने नाराका साथ बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेशस्तरीय महिलाउद्यमी सम्मेलन सुरु भएको छ ।

महिलाउद्यमीले उत्पादन गरेका सामग्री प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यले प्रदेशको उद्योग, वाणिज्य तथा उपभोक्ता हितसंरक्षण निर्देशनालयको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ महिलाउद्यमी बागमती प्रदेश समितिको समन्वयमा सम्मेलन आयोजना गरिएको हो । मेलाको उद्घाटन गर्दै मुख्यमन्त्री बहादुरसिंह लामाले महिला सशक्तीकरणको लागि आर्थिकरुपमा महिला सबल हुनुपर्ने बताए ।

विश्वबजारमा प्रतिस्पर्धामा जाने उत्पादनमा लाग्न महिला उद्यमीलाई सुझाव दिदैँ मुख्यमन्त्री लामाले यसका लागि प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाए । सोही कार्यक्रममा बोल्दै प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री सुकमाया तामाङले देशको आर्थिक संवृद्धिमा महिलाउद्यमीको भूमिका महत्वपूर्ण रहेको बताइन् । महिलालाई उद्यमशील बनाउन प्रदेश सरकारले विभिन्न कार्यक्रम ल्याइरहेको उनको भनाई छ ।

मन्त्री तामाङले उद्योग वाणिज्य नीति बनाउन प्रदेश सरकारले नीतिसंवाद गरिरहेको समेत दाबी गरे । मेलामा बागमती प्रदेशको १३ जिल्लाका महिलाले स्थानीय श्रोतसाधनको प्रयोगबाट उत्पादन गरेका हस्तकला सामग्री, मकैको खोस्टाको सजावटका सामग्री, अल्लोको कपडा, अचार, क्रिष्टल, काठ तथा बाँसका सामग्री बिक्री तथा प्रदर्शनीका लागि राखिएको छ ।

# बागमती प्रदेशको कानुन निर्माण र कार्यान्वयनबारे दुधौलीमा छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ बागमती प्रदेशको कानुन निर्माण, कार्यान्वयन र अपेक्षासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम दुधौली नगरपालिकामा बिहिबार सम्पन्न भएको छ ।

बागमती प्रदेशसभा सचिवालयको आयोजनामा भएको कार्यक्रममा बागमती प्रदेशसभाले बनाएका विभिन्न कानुन र तिनका कार्यान्वयनका क्रममा स्थानीय तहमा उत्पन्न भएका समस्या र तिनका समाधानका उपायकाबारे छलफल गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले कानुन निर्माण गर्दा स्थानीय सरकार, सरोकारवाला, विज्ञ र जनप्रतिनिधिसँग छलफल गरिनुपर्ने बताए ।

उपसभामुख अप्सरा चापागाईंले प्रदेश तथा स्थानीय तहले बनाएका कानुनका बारेमा सबै जानकार हुनुपर्ने बताइन् । दुधौली नगरपालिका प्रमुख दिनेश अधिकारी लगायत जनप्रतिनिधिले संघ र प्रदेशले बनाएका कानुन बाझिएका कारण स्थानीय तहले समस्या भोग्नुपरेको बताए । संविधानसभा सदस्य एवम् वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले कार्यक्रमको सहजीकरण गरेका थिए ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य तथा आन्तरिक मामिला तथा कानुन पूर्वमन्त्री गगानारायण श्रेष्ठ, प्रदेशसभा सदस्य क्षेत्रबहादुर बम्जन, रामकुमार पहाडी, शुस्मा भुजेल न्यौपाने, बागमती प्रदेशसभा सचिव कृष्णहरि खड्का लगायतको उपस्थिति थियो ।


**HETAUDA SUB-METROPOLITAN CITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**HETAUDA, MAKAWANPUR**
**BAGMATI PROVINCE, NEPAL**

## Invitation for Bids

**Second date of Publication:2081/09/26 B.S. (10thJanuary, 2025)**

Hetauda Sub-Metropolitan City, Hetauda, Makawanpur invites only electronic bids for the following Works under NationalCompetitive Bidding (NCB).

| S.N. | IFB No. | Name of Project | Estimated Amount Excluding VAT, & Contingency (NRs. | Price of Bid Document | Bid Submission Deadline | Bid Security |
|---|---|---|---|---|---|---|
| 1. | RE:HSMC/WORKS/05/081/82 | Road Upgrading Works of PipalbotSworgalok Road, Hetauda-01 | NRs. 15,146,109.84 | NRs.3,000 | 2081/10/13 B.S. (26thJan,2025) 12:00 Hours | NRs. 430,000.00 |

Eligible bidders may obtain further information from Hetauda Sub-Metropolitan City Office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp for complete set of Bidding Documents.
**Tel:** 057-523045, 057-523076
**Email:** info@hetaudamun.gov.np, planning@hetaudamun.gov.np

**Chief Administrative officer**



## १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**
मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु:**
१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्च:** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना